सम्बन्धी प्रक्रिया नियम ७ वमोजिम हुनेछ। यसका लागि एकल भाषाभाषी विद्यालयमा मातृभाषामा शिक्षा दिने, द्वीभाषी विद्यालयमा दुवै भाषामा शिक्षा दिने र वहुभाषी विद्यालयमा भाषिक स्थानान्तरणको नीति अपनाई वालवालिकाहरुलाई उनीहरुको मातृभाषाबाट नेपाली वा अंग्रेजी भाषामा सहज रुपमा लाने व्यवस्था गरिने छ। एकल वा द्वीभाषी विद्यालयका अभिभावकले चाहेमा त्यहाँ पनि भाषिक स्थानान्तरणको नीति अपनाइने छ। सबै खाले भाषाभाषीलाई एकअर्काको भाषा, लिपि तथा संस्कृति सिक्न एवं सिकाउन प्रोत्साहित गरिने छ। तथापि गाँउपालिकाको क्षेत्राधिकार भित्र रहेका कुल विद्यालयहरुलाई समयानुकुल परिमार्जित तथा प्रतिस्पर्धि बनाउनका निमित्त आधारभुत तहमा मुर्त धारणा स्वरुप बहुभाषामा आधारभुत तहमै विषयवस्तु प्रति स्पष्ट धारण वनाउने तवरले अध्यापन गराउने नीति गाँउ कार्यपालिकाले आवश्यक नीति तथा कार्यक्रमको तर्जुमा गर्नेछ।

(२) आधारभूत तह भन्दा माथि मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी प्रक्रिया र मापदण्ड संघीय शिक्षा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

३) कुनै विद्यालयमा भर्ना भएका जम्मा विद्यार्थी मध्ये वा कुनै कक्षामा भएका विद्यार्थी बहुसंख्यक मातृ भाषाभाषी भएमा विद्यालय व्यवस्थापन समितिले निर्णय गरि सोही भाषामा पठनपाठनको व्यवस्था गराउन सकिनेछ, सो व्यवस्था कार्यान्वयनको लागि विद्यालय व्यवस्थापन समितिले विद्यालयमा भएका जम्मा शिक्षक दरबन्दी मध्ये एक दरबन्दी मातृभाषी शिक्षकको लागि व्यवस्थापन गर्नु पर्नेछ।

घ्याङलेख गाउँपालिका

(ल) विद्यालयको वार्षिक शैक्षिक कार्यक्रमको नियमित रूपमा अनुगमन गरी सो अनुसार गर्ने, गराउने,

(व) विद्यालय निरीक्षक वा निरीक्षण गर्न तोकि वठाएको व्यक्ति र स्रोत व्यक्तिले दिएको निरीक्षण प्रतिवेदन उपर कारबाही गर्ने,

(श) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने, गराउने,

(ष) सामुदायिक विद्यालयको स्वीकृत, रिक्त दरवन्दीमा पदपूर्तिका लागि आयोगमा लेखी पठाउने,

(स) विद्यालयको स्वीकृत दरवन्दी तथा राहत अनुदान कोटामा शिक्षक नियक्ति, दरवन्दी मिलान तथा सरुवा सम्वन्धमा निर्णयानुसार कार्य गर्ने/गराउने ।

(ह) विद्यालय व्यवस्थापन समितिको सिफारिसमा शिक्षकलाई विद्यालय समय बाहेक वा विद्यालयको नियमित पठन पाठनमा असर नगर्ने गरी अतिरिक्त समयमा अन्यत्र कार्य गर्न पूर्व स्वीकृति प्रदान गर्न शिक्षा समितिमा पेश गर्ने,

(क्ष) कार्यसम्पादनको आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरुलाई पुरस्कार तथा दण्डका लागि शिक्षा समिति मार्फत कार्यपालिका समक्ष सिफारिश गर्ने,

(त्र) निजी, धार्मिक तथा गुठी बिद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डका लागि शिक्षा समिति मार्फत कार्यपालिका समक्ष सिफारिश गर्ने,

घ्याङलेख गाउँपालिका

प) प्रत्यक महिना आफ्नो स्रोतकेन्द अन्तर्गतका कम्तीमा विभिन्न ५ ओटा विद्यालयका सुपरीवेक्षण तथा अनुगमन र कम्तीमा तीन ओटा कक्षा अवलोकन गरी शिक्षा शाखामा प्रतिवेदन पेश गर्ने ।

(फ) शिक्षा अधिकृतले तोके बमोजिम थप कार्य गर्ने, गराउने ।

(ब) गाँउपालिकाले शिक्षा सम्बन्धी प्रत्यायोजित कार्य गर्ने ।

## परिच्छेद-४

## गाँउ शिक्षा समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि

**२४. शिक्षा समितिको संरचना तथा कार्यसंचालन विधिः**

(१) गाँउपालिकामा देहाय वमोजिमको एक शिक्षा समिति रहनेछ ।

(२) शिक्षा समितिको बैठक कम्तीमा प्रत्येक चार महिनामा एक पटक बस्नुपर्नेछ । बैठक बस्ने अवधिको फरक तीन महीना भन्दा बढी हुनेछैन ।

(३) शिक्षा समितिको बैठकभत्ता गाँउपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ । एक महिनामा वढीमा ३ ओटा भन्दा बढी बैठकको भत्ता उपलब्ध गराइने छैन ।

४) गाँउ शिक्षा समितिको बैठक सो समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

५) उपनियम ४ मा जुनसुकै लेखिएको भएपनि गाँउ शिक्षा समितिको एक तिहाइ सदस्यको लिखित अनुरोधमा सदस्य सचिवले जुनसुकै वेला शिक्षा समितिको वैठक वोलाउन सक्नेछ ।

घ्याङलेख गाउँपालिका

६) गाँउ शिक्षा समितिका बैठकको अध्यक्ष स्वं अनपस्थितिमा गाँउ शिक्षा समितिको वैठकमा उपस्थित सदस्यहरुले आफुहरुमध्येवाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

(७) बैठक संचालनको लागि कम्तीमा ५० प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

(८) दफा १६ को "ख" वमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।मनोनित सदस्यले आफ्नो पदअनसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने अधिकारी वा निकायले निजलाई जनसकै वखत शिक्षा समितिको सिफारिसमा हटाउन सक्नेछ । गाँउपालिका अध्यक्षले कुनै सदस्यलाई जानकारी गराई सम्बन्धित क्षेत्रको सदस्यको प्रतिनिधित्व हुने गरी निजको सट्टामा अर्को सदस्य मनोनयन गर्न भने बाधा पर्नेछैन ।

**२५. शिक्षा समितिको काम, कर्तव्य र अधिकार :** (१) ऐन तथा यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षा शाखाबाट पेस भएको शैक्षिक योजना तथा विषयहरु माथि छलफल गरी स्वीकृतिका लागि कार्यपालिकामा पेस गर्ने ।

(ख) गाँउपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षा समिति तथा शिक्षा शाखा मार्फत पेस भएको कार्ययोजना माथि छलफल गरी आवश्यक देखिएमा परिमार्जन सहित स्वीकृत गर्ने,

(ग) नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(४) अतिरिक्त क्रियाकलाप कार्यक्रममा शिक्षक तथा विद्यार्थी दुवैले अनिवार्य रुपमा भाग लिनुपर्नेछ ।

(५) विद्यालयले अतिरिक्त क्रियाकलाप गर्दा देहायवमोजिम गर्नुपर्नेछ ।

क) विद्यालयमा राष्ट्रिय भावना झल्किने, राष्ट्रिय कला वा संस्कृति प्रति सकरात्मक सन्देश दिने किसिमको नाटक, नृत्य,लोक संगीत अभ्यास तथा प्रतियोगिता गर्ने ।

ख) विद्यार्थीहरुमा सामाजिक सेवा, वातावरण संरक्षण तथा सौन्दर्यता प्रति अभिप्ररित गराउने सामुदायिक स्थल सरसफाई, विद्यालय वगैंचा, करेसावारीको निर्माण, वृक्षारोपन र साक्षरता जस्ता कार्यक्रममा संलग्न गराउन प्रोत्साहन गर्ने ।

ग) राष्ट्रिय, अन्तराष्ट्रिय, ऐतिहासिक, सामाजिक, धार्मिक पर्वको महत्व र स-सामायिक परिप्रेक्षका घटनाक्रमलाई विषयवस्तु वनाई वक्तृत्वकला तथा प्रवचन गर्न लगाउने ।

(५) विद्यालयले उपनियम (१, २ र ३) बमोजिम अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा देहाय बमोजिम सञ्चालन गर्नुपर्नेछ :-

(क) चित्रकला, मूर्तिकला र हस्तकला प्रतियोगिता,

(ख) बाद्यबादन तथा संगीत प्रतियोगिता,

(ग) नृत्य प्रतियोगिता ,

(घ) नाटक प्रतियोगिता,

(ङ) वक्तृत्व कला प्रतियोगिता,

(च) हाजिरी जवाफ प्रतियोगिता,

(छ) हिज्जे प्रतियोगिता,

(ज) खेलकुद प्रतियोगिता,



घ्याङलेख गाउँपालिका

(झ) साहित्यिक गतिविधि, कथा, कविता र निवन्ध प्रतियोगिता,

(ञ) फूलबारी र कृषि सम्बन्धी प्रतियोगिता,

(ट) सृजनात्मक तथा अन्वेषणात्मक र विज्ञानका प्रयोगात्मक प्रतियोगिता

(ट) अन्य प्रतियोगिता,

(ठ) स-सामायिक परिप्रेक्षका घटनाक्रम :- सामाजिक विकृति, युवाको भुमिका, चुनौति, अवसर र व्यवस्थापनमा समस्या आदि बारे सचेतनामूलक क्रियाकलाप सञ्चालन गराउने,

(६) विद्यालयले प्रत्येक शुक्रबारको दैनिक पठनपाठनको कार्य समाप्त भएपछि विद्यार्थीलाई अतिरिक्त क्रियाकलापको कार्यक्रममा सहभागी गराउनु पर्नेछ।

**१००. विद्यालय शिक्षा सेवाको गठन, तह, श्रेणी विभाजन र दरबन्दी सम्बन्धी व्यवस्था** :

(१) यस सम्वन्धमा संघ तथा प्रदेशको कानून वा नियमसँग तादात्म्यता कायम हुने गरी कार्यपालिकाले कार्यविधि वनाई गाँउ सभावाट स्वीकृत गराए वमोजिम हुनेछ ।

**१०१. जिम्मेवार रहने :**

(१) विद्यालय शिक्षा सम्बद्ध देहायका पदाधिकारीहरु देहाय बमोजिम जिम्मेवार र उत्तरदायी भई कार्य गर्नुपर्नछ ।

(क) अभिभावक -विद्यार्थी,

(ख) शिक्षक/कमचारी- प्रधानाध्यापक,

(ग) पधानाध्यापक- विद्यालय व्यवस्थापन समिति,

(घ) विद्यालय व्यवस्थापन समिति- वडा समिति/शिक्षा अधिकृत/शाखा,

(ङ) शिक्षा अधिकृत- प्रमुख प्रशासकीय अधिकृत/शिक्षा समिति,

(च) पम्रुख प्रशासकीय अधिकृत-शिक्षा समिति/कार्यपालिका,

(छ) शिक्षा समिति- कार्यपालिका,

(घ) प्रसुती स्याहार बिदा .................. पटक ।

(ङ) अध्ययन बिदा ............................ दिन ।

(च) असाधाराण बिदा ........................ दिन ।

(छ) वेतलवी बिदा ...................... दिन ।

१०. रमानापत्रको मितिसम्म संचित बिरामी बिदा : .................. दिन ।

११. विद्यालयमा रुजु हाजिर भएको दिन : ...... महिना ...... साल.......

१२. खाइपाई आएको मासिक (क) तलब : (ख) ग्रेड ग) ग्रेड संख्या :

१३. तलब भुक्तानी लिएको अन्तिम मिति :

१४. कर्मचारी संचयकोष कट्टी रकम :

१५ भुक्तानी लिएको उपचार खर्चको रकम : मिति :

१६. तलववृद्धि हुन सुरु भएको सुरु मिति :

१७. नागरिक लगानी कोषकट्टी रकम :

१८. आयकर कट्टी रकम :

१९. (क) सावधिक जीवन बीमा कोषमा जम्मा भएको साल........महिना......गते....

(ख) सावधिक जीवन बीमावापत वार्षिक प्रिमियम तिरेके साल...महिना...गते....

२०. चाडपर्व खर्च लिने चाडको नाम र सो चाड पर्ने तिथि र सम्भावित महिना :

२१. शिशुस्याहार भत्ता लिएको विवरण :

**बोधार्थ :**

श्री विद्यालय शिक्षक किताबखाना ।

श्री कर्मचारी संचयकोष ।

श्री ........................................... विद्यालय ।

श्री .....................(सम्बन्धित शिक्षक वा कर्मचारी) सरुवा भएको कार्यालयमा हाजिर हुन जानु हुन) ।

घ्याङलेख गाउँपालिका

## अनुसूची :-१६
## (नियम ५१ संग सम्वन्धित)
## अस्थायी तथा नीजि शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन फाराम

शिक्षकको नाम थर :-                                  का.स.मू फाराम दर्ता नं :

दर्ता मिति :

विद्यालयको नाम र ठेगाना :

मुल्याङ्कन महिना :...........महिना देखि...........

**खण्ड क**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अध्यापन गरेको कक्षाहरु | | | | | | | | |
| अध्यापन गरेको विषयहरु | | | | | | | | |
| औषत सिकाई उपलब्धी | | | | | | | | |

**खण्ड : ख**

१) कुनै पनि कक्षामा अध्यापन गरेको सम्वन्धित विषयमा शिक्षकले तयार गरेको पाठ योजना :

क) अध्यापन गरेको कक्षा :

ख) अध्यापन गरेको विषय :

ग) अध्यापन गरेको इकाई ............................पाठ...........................

घ) शैक्षणिक उपलब्धि :

१)                                  २)

ङ) उपलब्धि प्राप्त गर्न गरिएको शैक्षणिक क्रियाकलाप :

१)                                  २)

२) शिक्षण कार्यलाई सघाउने गरि निर्माण गरिएको सामाग्री :

१)                                  २)

